# तुर्माखाँद गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.सी.द्वारा प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ को  नीति तथा कार्यक्रम

## तुर्माखाँद गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८३ साल असार ९ गते*

*Web site:www.turmakhadmun.gov.np*
*Email: ito.turmakhadmun@gmail.com*

*गाउँ सभाका सदस्यज्यूहरू,*

१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको तर्फबाट सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न आर्थिक बर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तुर्माखाँद गाउँपालिकाको यस सम्मानित १८ औं गाउँ सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

२) नेपालको सामाजिक रूपान्तरण, लोकतन्त्र तथा नागरिक अधिकार प्राप्तिका लागि भएका सबै आन्दोलनमा सम्पूर्ण जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते एवं बेपत्ता पारिएका, द्धन्द - पिडित , घाइते तथा अपाङ्गता भएका सम्पूर्ण योद्धाहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै अग्रज प्रति उच्च सम्मान व्यक्त गर्दछु, साथै सुशासन र अग्रगमनका लागि पछिल्लो परिवर्तनकारी आन्दोलनमा नव युवाहरुले गरेको त्याग, बलिदानी र समर्पणको स्मरण गर्दै उक्त आन्दोलनमा जान गुमाउने आन्दोलनकारी सहिद नव युवाहरु र सुरक्षा कर्मी प्रति यस गाउँ सभाको तर्फबाट विशेष सम्मान व्यक्त गर्दछु।

३) स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको ४ वर्ष पुरा भएको छ। यस अवधिमा गाउँपालिकाको सुशासन, विकास र सेवा प्रवाहमा सहयोग पुर्याउने सङ्घ तथा प्रदेश सरकार, विभिन्न दातृ निकाय एवं गैर सरकारी सङ्घ संस्था, राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण गाउँपालिका वासी एवं सरोकारवाला निकायलाई तुर्माखाँद गाउँपालिकाको तर्फबाट हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु।

४) सङ्घीय शासन व्यवस्था सहितको राज्यको पुनःसंरचना पश्चात संविधानतः गठित स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम आर्थिक वर्षमा रहेका छौं । यस अवधिमा नेपालको संविधानको अनुसूचित-८ को उल्लेखित स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा शुचि भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रहि संविधानको मर्म र भावन अनुरूप जनताको पक्षमा सुशासन, विकास, सेवा प्रवाह र समृद्धिको कान्छालाई पुरा गर्न गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरू प्रभावकारीरूपले सञ्चालन गर्दै आइरहेको छ।

स्थानीय स्रोतको पहिचान र परिचालन गरि समावेशी सिद्धान्तका आधारमा आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सरकारी निजी क्षेत्र र समुदायको साझेदारीमा विकास गरिने छ। गुणस्तरीय शिक्षाबाट नै समाजमा दिगो विकास र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने गाउँपालिकाको स्पष्ट धारणा रहेको छ। आन्तरिक सुशासन र सबल प्रशासनको विकास, पालिका वासीको आर्थिक हैसियतमा सुधार, कृषि, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्दै पूर्वाधार विकास, सामाजिक विकास, कलासंस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, वन तथा वातावरण संरक्षण, युवा परिचालन, वडा कार्यालयहरूको क्षमता विकास, रोजगारी उद्यमशीलता, खेलकुद, विपद व्यवस्थापन, न्याय निरुपण, पिछडिएको वर्ग समुदाय, महिला, दलित, जनजातीय, असहाय, फरक क्षमता भएका व्यक्ति, बालकालिका, मानवअधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरूका लागि यो आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम निर्देशित रहेको छ।

५) आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई सम्बोधन गर्दै जनताको बृहत्तर हित र लोककल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठूला समस्याहरूको प्रत्यक्ष हल खोज्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक सांस्कृतिक रूपान्तरणमा टेवा पुऱ्याउन, स्थानीय रुपमा

उपलब्ध स्रोत साधनको अधिकाधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने हाम्रो शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई पुर्ण ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै सङ्घीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साथै विकासका अन्य साँझेदार संघसंस्थासंगको साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको र भइरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम तुर्माखाँद वासि नागरिकलाई अवगत गराउन चाहान्छु।

६) आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन्। स्थानीय सरकारले सांगठनिक सक्षमता हासिल गरि नसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलब्धता, महत्वकांक्षी आकांक्षा लगायतका अवस्था र कारणले जनअपेक्षा अनुकूल कामहरु हुन् नसकेको वास्तविकतालाई हामिले स्वीकार्नैं पर्छ। सुशासनका खातिर शुन्य सहनशीलता अपनाई यस गाउँपालकालाई मितव्ययिता र सुशासनको दृष्टिले समेत अव्वल गाउँपालिकाको रुपमा परिचित गराउन सफल भएका छौं। वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको बन्दोवस्त हुँदै गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिमा नागरिकहरुमा आएको परिवर्तन साथै द्रुत सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा आगामी दिनमा सिमित स्रोतको उच्चतम् परिचालन मार्फत जनताको ईच्छा, चाहना र आधारभुत आवश्यकताहरुलाई पूरा गर्न तुर्माखाँद गाउँपालिका सक्षम र प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामा अवगत गर्न चाहान्छु ।

७) यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो आन्तरिक स्रोतलाई मजबुद बनाउदै तिब्र र दिगो आर्थिक विकास गरि समृद्ध तुर्माखाँद, सुखी तुर्माखाँद वासिको मुल लक्ष्य हासिल गर्न हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था रहेको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सु-शासनको अनुभुति आम जनतामा प्रदान गरी गाउँपालिकाको क्षमता विकास गर्न आवश्यक रहेको छ। यसका लागि भ्रष्टचारमा शुन्य सहनशिलताको नीति अवलम्बन गरि आर्थिक मितव्ययिता अपनाउनु पर्दछ।

## *विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौति*

१. **विद्यमान अवसरहरु :**

- आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निमार्णका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्न अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
- सबै वडा, समुदायमा सडक पूर्वाधारको पहुँच हुनु।
- विकास निर्माणका साझेदार संघसंस्थाहरूसँग समन्वय तथा सहकार्यमा विभिन्न कार्यक्रम तथा योजना सञ्चालन हुनु।

- **संविधानत :** अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. **विद्यमान चुनौतीहरू**:

- संघ, प्रदेश र स्थानीय तह बिच समन्वय सहकार्यको अभावले काममा ढुलासुस्ती तथा दोहोरोपना ।
- रोजगार उन्मुख, सीपमूलक शिक्षाको विकास गर्न नसक्नु।
- यूवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्न नसक्नु।
- वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्न नसक्नु।
- वैज्ञानिक जलवायु उत्थानशील तथा व्यवहारिक योजना तर्जुमा गरी लागू गर्न नसक्नु।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायत प्रकोपको उच्च जोखिम भएको क्षेत्रमा भवन निर्माण कार्यलाई रोक्न नसक्नु।
- व्यवस्थित बस्ति विकास गर्न नसिएको हुदा अव्यवस्थित वस्ती विस्तारको क्रम नरोकिनु
- सडक तथा अन्य पूर्वाधारका संरचना निर्माण कार्य योजना डिजाइन तथा ड्रोइङ विना गरिनु।
- आन्तरिक तथा वाह्य स्रोतसाधनको सही सदुपयोग हुन नसक्दा प्राप्त प्रतिफल हासिल गर्न नसक्नु।
- तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी राजश्वको दायरा विस्तार गर्न नसक्नु।
- भौगोलिक अवस्थाका कारण सेवा प्रवाह, विकास व्यवस्थापन ,अन्तर कार्यालय समन्वयमा असर।
- न्यून आन्तरिक आय र तोकिएभन्दा न्यून वित्तीय हस्तान्तरण
- स्थानीय कर्मचारी सङ्गठन तथा व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या।
- हाल प्रदेश लोक सेवाबाट स्वीकृत दरबन्दीमा कर्मचारी पदपुर्ती नहुदा कार्य सम्पादनमा समस्या।

## ३. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितमूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०१५-२०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्य कालिन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरू, सामाजिक संघसंस्थाहरू तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहिदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो र प्रशासनिक संयन्त्रले

त्यसलाई प्राविधिक तथा कानूनी ढाँचा भित्र आवद्ध गराउने हो र आम नागरिकहरूले साथ सहयोग, सुझाव दिने हो। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अछुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छता युक्त जनसहभागिता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छिटो छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम् र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिइनेछ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संघसंस्था, शिक्षक, बुद्धिजिवी, आमा नागरिक, सरोकारवालाहरु, सबै पेशा व्यवसायमा आबद्ध महानुभावहरु आम गाउँपालिका वासी दाजुभाई तथा दिदीबहिनीहरुको सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु।

***सभाका सदस्य ज्यूहरु,***

सर्वप्रथम म गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

१. **भौतिक पूर्वाधार विकास :**

- तुर्माखाँद गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको सुरुवात भई ६० प्रतिशत भौतिक प्रगति भएको,
- वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको,
- वडा नं. ६ रानीवन र वडा नं. १ रहफ को प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको,
- रहफ देखि भुलु र भुलु देखि रहफ सडकको नयाँ ट्रयाक खन्ने कार्यको सुरुवात भएको ,
- कच्ची सडक तर्फ करिव ७ कि.मि. नयाँ सडक खन्ने कार्य सम्पन्न भएको,
- मर्मत तथा स्तरोन्नति ८ कि.मी. निर्माण गरिएको,
- वडा नं. ८ भवन वडा कार्यलयको तला थप भई सम्पन्नको लागि अन्तिम चरणमा रहेको,
- तुर्माखाँद गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकूल परियोजना (LACC) को साझेदारीमा ४ वटा खानेपानी योजना मार्फत एक घर एक धारा अन्तर्गत २२१ व्यक्तिगत धारा निर्माणबाट ११०५ जनसंख्या प्रत्यक्ष रुपमा लाभान्वित भएको,
- जलवायु परिवर्तन स्थानीय अनुकूल परियोजना (LACC) को साझेदारीमा ३ वटा सिचाँई योजनाको कार्य सम्पन्न गरी १८२ रोपनी जग्गा सिञ्चित मार्फत ७०० जनसङ्ख्या लाभान्वित भएको तथा २ वटा बायो

इन्जिनियरिङ् योजना सम्पन्न भई ४२२ जनसङ्ख्या लाई बिपद् जन्य जोखिम न्यूनिकरणमा सहज पुगेको र १ सुधारिएको पानी घट्ट निर्माण भई सञ्चालनमा रहेको,

- जलवायु परिवर्तन स्थानीय अनुकूल परियोजना (LACC) को साझेदारीमा आ.व. २०८३/०८४ मा सम्पन्न हुने गरी ६ वटा खानेपानी, २ वटा सिचाँई योजना निर्माण कार्यका लागि सम्झौता भई काम सञ्चालन रहेको,

## २. सामाजिक विकास :

- उच्च शिक्षामा सबैको पहुँच हुने गरी सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई गाउँपालिकाको केन्द्रमा क्याम्पस स्थापना गरी सञ्चालनमा ल्याइएको,
- शिक्षामा गुणस्तर सुधार गर्न कक्षा ८ को बार्षिक परीक्षालाई उच्चतम विद्यालयमा केन्द्र तोकी पालिका स्तरबाट नै परीक्षा सञ्चालनमा ल्याइएको,
- विद्यालय सुधार योजना अनुसार विद्यालयको अनुगमन तथा निरीक्षण गरी विद्यालयलाई डाउनसाईज, मर्ज तथा समायोजन गरिएको,
- तुर्माखाँद गाउँपालिकाको स्थानीय पाठ्यक्रम तुर्माखाँद राइनचिन (१-८) स्वीकृत भै यस वर्ष देखि कक्षा १-३ को पाठ्यपुस्तक निर्माण गरी पठनपाठन शुरु गरिएको,
- तुर्माखाँद गाउँपलिका अन्तर्गतका १२ वटा माध्यमिक बिद्यालयमा इन्टरनेट जडान गरिएको,
- SEE मा उत्कृष्ट हुने विद्यालय र विद्यार्थीलाई सम्मान गरिएको,
- तुर्माखाँद गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट एस.एलसी/एसइइ उत्तीर्ण गरी उच्च शिक्षा अध्ययन गर्ने ८ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको,
- शिक्षामा गुणस्तर सुधारको लागि मागमा आधारित शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिएको,
- शिद्धेश्वरी मा.वि. धमालीलाई नमुना बिद्यालयको रुपमा छनौट गरी कार्यक्रम कार्यान्वयन गरिएको,
- तुर्माखाँद गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पतलाको प्राविधिक सहयोगमा आँखा शिविर सञ्चालन गरी ४९७ जनाको आँखा जाँच सेवा, ५५ जनाको मोतिबिन्दु र २ जनाको मासु पलाएको सफल शल्यक्रिय गरेको,
- तुर्माखाँद स्वास्थ्य चौकी र रहफ स्वास्थ्य चौकीमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी जम्मा १००२ जनालाई सेवा प्रदान गरिएको।
- ४८७ जना महिलालाई भिडियो एक्सरे सेवा तथा २०० जना महिलाको VIA जाँच गरी १२ जना आङ्ग खसेका महिलाको रिङ्ग पेसरी राखि उपचार गरिएको।
- ५२ जना गर्भवती महिला र ३९ जना जेष्ठ नागरिक तथा दलितलाईलाई निशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराएको,
- कर्मचारीहरुलाई आवश्यक क्षमता विकासका तालिमहरु सञ्चालन गरिएको।

- तुर्माखाँद गाउँपालिका न्यायिक समितिको चालु आ.व.मा ९ वटा विवाद दर्ता भएका तथा ६ वटा विवाद अघिलो आ.व. बाट सरी आएको समेत गरी १५ वटा विवाद भएकोमा १ विवाद फछ्र्यौट भएको, अन्य प्रक्रिया रहेका
- तुर्माखाँद गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ८ वटै वडामा वडा स्तरीय लैङ्गिक तथा घरेलु हिंसा सम्बन्धि कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको,

## ३. आर्थिक विकास :

- कृषकहरुलाई १९०० उन्तत जातको बर्षे तरकारी मिनिकिट खरिद गरी वितरण गरिएको,
- १ वडा १ नमुना टोल भकारो सुधार कार्यक्रम अन्तर्गत २० वटा भकारो निर्माण गरिएको,
- बालीनालीमा लाग्ने महामारी जन्य रोग नियन्त्रणको लागि रासायनिक तथा जैविक विसादी कृषकलाई वितरण गरिएको,
- रैथाने बाली प्रवर्द्धन गर्न कृषकलाई स्थानीय मास र कोदोको विउ वितरण गरिएको,
- राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम अन्तर्गत क्षेत्र विस्तार तथा बगैचा सुधार कार्यक्रम ४ वटा वडामा सञ्चालन गरिएको,
- कृषि, पशुपन्छि तथा मत्स्य सम्बन्धि ४९३ कृषकको तथ्याङ्क संकलन गरी अनलाइन प्रणालीमा तथ्याङ्क प्रविष्टि गरिएको,
- कृषकहरुले पालिरहेका ३०१२० पशुपंक्षीलाई उपचार सेवा प्रदान गरिएको
- गाउंपालिका भरी रेविज खोप अभियान सञ्चालन गरी ७५० वटा छाडा तथा घरपालुवा कुकुरलाई रेविज विरुद्धको खोप लगाइएको
- वडा नं ४, ५, ६, ७ र ८ मा **२०,०००** बाखालाई PPR रोग विरुद्धको खोप तथा **४,६००** गाई भैसिलाई FMD रोग विरुद्धको खोप सेवा प्रदान गरिएको
- भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र मंगलसेन अछामको आर्थिक सहयोग र तुर्माखाँद गाउंपालिका साझेदारीमा भैरवस्थान र रानीवनमा ४० जना बिपन्न एकल महिलालाई स्थानीय जातका क्रस बाखा वितरण गरेको,

***सभाका सदस्य ज्यूहरु,***

अब म तुर्माखाँद गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विभिन्न विषयगत क्षेत्रको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दछु।

हाम्रो यस गाउँपालिकाको दीर्घकालीन सोच "**शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधारः सुखी जनता समृद्ध तुर्माखाँदको आधार**" (सुशासन, समृद्धि र समाजवादको आधारः शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधार) रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछ ।

१) **<u>सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>**

### क. शिक्षा

१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले आगामी शैक्षिक कार्यनीति, २०८३/०८४ निर्माण गरिनेछ।

२) शैक्षिक गुणस्तरका लागि "**आकर्षक विद्यालय, व्यवस्थित कक्षाकोठा**" भन्ने मूल नाराका साथ विद्यार्थीसँग अध्यक्ष भेटघाट कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

३) नमुना सामुदायिक विद्यालय कार्यक्रम मार्फत रणनीतिक योजना बनाई वार्षिक सिकाइ उपलब्धि तथा अन्य व्यवस्थापकीय पक्षको मापदण्ड निर्धारण गरि वर्ष उत्कृष्ट विद्यालय घोषणा गर्ने व्यवस्था मिलाइनेछ।

४) सामुदायिक विद्यालय प्रतिको अपनत्व अभिवृद्धि गरी शैक्षिक नीतगत समस्यालाई समाधान गर्न गाउँपालिकाको स्थानीय शिक्षा ऐन तथा नियमावली निर्माण गरी लागु गरिनेछ। माध्यमिक तहको शिक्षण सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाइने छ ।

५) पालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूको पूर्वाधार तथा शैक्षिक स्तर सुधारका लागि **"एकीकृत शिक्षा विकास योजना"** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

६) शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

७) गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक तुर्माखाँद राइनचिन कक्षा ४ देखि ८ सम्म स्थानीय पाठ्यपुस्तक निर्माण गरी लागु गरिने छ।

८) सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ। अन्य जिल्लाबाट सरुवा भई आउने जाने दलित, जनजाती र महिला शिक्षकहरुलाई प्राथमिकता दिईनेछ ।

९) "**उत्कृष्ट शैक्षिक गन्तव्य, गाउँपालिका हाम्रो पहिचान**" भन्ने लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरूबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ बनाउन त्यस्ता प्राज्ञिक संस्थाहरु सँगको अनुभवलाई साटा साट गर्न शैक्षिक अवलोकन भ्रमणको आयोजना गरिनेछ।

१०) "**स्मार्ट प्रविधि, स्मार्ट सिकाइ, शिक्षामा डिजिटल युगको फड्को अपनाऔं**" भन्ने मूल नारालाई आत्मसात गर्दै गाउँपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरूमा **डिजिटल शिक्षाको अवधारणा** लाई यसै बर्ष देखि शुरुवात गरिनेछ। आगामी तीन वर्षभित्र गाउँपालिकाका सम्पूर्ण माध्यमिक विद्यालयहरूमा आवश्यक पूर्वाधार, शैक्षिक सामग्री तथा प्रविधिमैत्री सिकाइ प्रणालीको विकास गरी **डिजिटल शिक्षा पूर्ण रूपमा लागू गर्ने नीति** अवलम्बन गरिनेछ।

११) सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षकहरूलाई कस्टमाइज तालिमलाई निरन्तर्ता दिइनेछ।

१२) कम्तिमा एक वर्ष कार्यअवधि बाँकी भएका प्रधानाध्यापकसँग विद्यालय सुधार योजनाको आधारमा विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धिका सूचकहरु सहितको कार्ययोजना माग गरी करारनामा गरिने छ भने कार्यअवधि समाप्त भएका विद्यालयहरूमा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि निर्माण गरी प्रतिसप्रधाका आधारमा हरेक ५ वर्षमा प्रधानाध्यापक परिवर्तन गर्ने नीति लिइनेछ।

१३) मापदण्ड अनुसार दरबन्दी मिलानको कार्य सम्पन्न गरी पालिकाको स्रोत साधन अनुसार आवश्यक दरबन्दी थपघट गर्दै शिक्षक व्यवस्थापन गर्ने कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

१४)शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै सरोकारवालाहरूको सहभागिता र साझेदारीमा **"हामी बनाउछौं हाम्रो विद्यालय"** नामक तुर्माखाँद गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

१५) आधारभूत तह कक्षा ५ र ८ तथा माध्यमिक तह कक्षा १० मा हुने अन्तिम परीक्षालाई स्तरीकृत परीक्षाको रुपमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गरिने छ। परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा विषय शिक्षकलाई प्रोत्साहनको व्यवस्था गरिने छ।

१६) तुर्माखाँद गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरिरहेका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७)विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने विद्यार्थीहरूलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

१८)विद्यालयहरूको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाइको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरूको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ। शिक्षक तथा कर्मचारिहरुलाई प्रोत्साहित गर्न पालिका उत्कृष्ट प्रधानाध्यापक, शिक्षक, विद्यालय, कर्मचारीलाई सम्मान गरिनेछ। विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१९)विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्न विद्यालय कार्यसम्पादन स्व-मुल्यांकन परीक्षण मार्फत विद्यालयको तहगत रुपमा स्तरीकरण गरिने छ।

२०)पालिका भित्रको स्थानीय सामाजिक, सांस्कृतिक, वातावरणीय, कृषि, शिक्षा, पर्यटन लगायतका विषयवस्तुमा अध्ययन अनुसन्धानमा एम. फिल र पी.एच.डी.गर्ने विद्यार्थी र अन्य अनुसन्धान कर्तालाई विशेष प्रोत्साहन गरिनेछ।

२१)**"बालबालिकालाई नियमित विद्यालय पठाऔ, शिक्षाको गुणस्तर बढाऔं"** भन्ने मूल नाराका साथ अभिभावक शिक्षा दिइनेछ। तुर्माखाँद गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्नागरी शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ।

२२)प्रत्येक विद्यालयमा आवश्यक्ताको आधारमा खेलकुद, सांस्कृतिक र शैक्षिक सामाग्रिहरु प्रदान गरिनेछ। विद्यार्थीहरुलाई स्वस्थ, नैतिक र चरित्रवान बनाउन नैतिक तथा योग शिक्षाको अवधारणा ल्याई सबै विद्यालयमा क्रमशः कार्यान्वयन गरिनेछ ।

२३) कक्षा ११-१२ मा अध्ययनरत सीमान्तकृत, दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई विद्यालय लिने भर्ना शुल्क छुट दिने कार्यलाई निरन्तरता दिइनेछ। सामुदायिक सिकाइ केन्द्रको नियमन गरिनेछ।

२४)नेपाल स्काउटको महत्वलाई आत्मसाथ गर्दै तुर्माखाँद गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक तथा विद्यार्थीहरूलाई नेपाल स्काउटमा अनिवार्य आवद्ध गर्ने नीति लिइने छ।

२५) स्नातक तह अध्ययन गरिरहेका छोरी बुहारीलाई अध्ययनमा सहयोग गर्ने उद्देश्यले छोरी बुहारी छात्रबृत्ती कार्यक्रम लागू गर्ने नीति लिइने छ ।

२६)शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक र विद्यार्थी बिच अन्तरकृयात्मक कार्यक्रम सञ्चालन गरी बालिका र समावेशी शिक्षा गठन गर्ने नीति लिइने छ।

### ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

२७) गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरूको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि र व्याकरण लेखन गरी प्रकाशन गरिनेछ।

२८) गाउँपालिका भित्र आयोजना हुने महोत्सवमा विभिन्न जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्न प्रर्वद्धन गरिनेछ।

२९) साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले साहित्य महोत्सव आयोजना गरिनेछ ।

३०) पालिका भित्र मनाइने जात्रा, पर्व, मेला, पुजा, परम्परागत जीवनशैली, देउडागीत, ठाडीभाका, मारुनी नाँच, हुड्केउली पञ्चेबाजा, रत्यौली एवं अन्य साहित्यिक तथा सांस्कृतिक सम्पदाहरूको मुख्य परिचयात्मक विवरण समेटी तुर्माखाँद गाउँपालिकाको सांस्कृतिक प्रोफाइल तयार गरी प्रकाशित गरिनेछ ।

### ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

३१) प्रत्येक माध्यमिक विद्यालयबाट खेलाडी छनौट गरी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३२) **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागी खेदकुद"** भन्ने मूल नाराका साथ अध्यक्ष कप अन्तर पालिका स्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

३३) जिल्ला स्तरीय खेलकुद प्रतियोगिताबाट छनौट भई प्रदेश स्तरीय खेलकुदमा सहभागी हुने खेलाडीहरूलाई पाँच हजारका दरले पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३४) प्रशिक्षणका माध्यमबाट खेलाडीको वृत्ति विकास, क्षमता अभिवृद्ध र उत्प्रेरणा वृद्धि गरिनेछ। स्थानीय तहबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने खेलाडीहरूलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ।

३५) गाउँपालिकाको केन्द्रमा रहेको राँगाजुझे खाल विन्कान्ना, बाँसकाडा र क्रिकेट खेल मैदान रानीवन नावगाडेमा निर्माणाधिन गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति गरी निर्माण कार्य सम्पन्न गरिनेछ।

३६) आर्थिक अवस्था कमजोर भएका तर खेलकुदमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने नीति लिइनेछ।

### घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

३७) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा सामाजिक रूपमा पछाडि परेका वर्गको संरक्षण, सशक्तीकरण तथा क्षमता विकासलाई स्थानीय शासनको मूल प्रवाहमा समावेश गरिनेछ।

३८) महिला सशक्तीकरण तथा आर्थिक आत्मनिर्भरताका लागि सीपमूलक तालिम, उद्यमशीलता विकास, स्व-रोजगार तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

३९) विपन्न, दलित, जनजाति, एकल महिला, हिंसा पीडित महिला तथा जोखिममा रहेका महिलाहरूलाई लक्षित गरी जीविकोपार्जन तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

४०) महिला नेतृत्व विकास तथा निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

४१) घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन, बालविवाह, बहुविवाह, छाउपडी, दाइजो प्रथा तथा अन्य सामाजिक कुरीति अन्त्यका लागि सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

४२) लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकालाई आवश्यक परामर्श, मनोसामाजिक सहयोग तथा कानूनी सहायताका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

४३) किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन गरी स्वास्थ्य, पोषण, जीवनोपयोगी शिक्षा तथा आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरिनेछ।

४४) महिला समूह, आमा समूह तथा महिला सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

४५) बालविवाह, बालश्रम, बाल हिंसा, बाल दुर्व्यवहार तथा बाल बेचबिखन नियन्त्रणका लागि समुदाय स्तरीय सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

४६) बाल क्लब तथा बाल सञ्जाललाई सक्रिय र प्रभावकारी बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाको सहभागिता सुनिश्चित गर्न बाल भेला, बाल संवाद तथा बालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

४७) जोखिममा रहेका अनाथ, असहाय तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरुलाई संरक्षण र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

४८) बालमैत्री वडा तथा बालमैत्री स्थानीय तह घोषणाका लागि अभियान सञ्चालन गरिने छ।

४९) ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा संरक्षणका लागि ज्येष्ठ नागरिकमैत्री र विशेष सहयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५०) दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, अपाङ्गता भएका तथा सामाजिक रूपमा पछाडि परेका समुदायको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

५१) स्थानीय तहको योजना तथा बजेट निर्माण प्रक्रियामा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५२) महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार संरक्षण तथा विकासका लागि सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५३) सुरक्षित, समावेशी तथा न्यायपूर्ण समाज निर्माणका लागि समुदायमा आधारित सामाजिक जागरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५४) महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको जीवनस्तर सुधार, सामाजिक सुरक्षा अभिवृद्धि तथा सम्मानजनक जीवनयापन सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

५५) “**अध्यक्ष स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम**” अन्तर्गत स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न आवश्यक उपकरण सहित स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित गरी प्रयोगशाला सेवा सञ्चालन तथा आवश्यक औषधिको प्रयाप्त मात्रामा व्यवस्था गरिनेछ।

५६) हाल बढ्दै गएको आँखा सम्बन्धी समस्यालाई मध्यनजर गरी गाउँपालिकाको केन्द्रमा आँखा उपचार केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

५७) मेरी स्वास्थ्य, मेरो जिम्मेवारी” भन्ने नारा सहित नसर्ने तथा मानसिक रोग न्यूनिकरणका लागि नसर्ने रोग सम्बन्धि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ। स्वास्थ्य सेवामा सबै नागरिकको पहुँचमा सुनिश्चतताको लागि जेष्ठ नागरिक तथा अपाङ्गहरुको लागि घरदैलो स्वास्थ्य सेवा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५८) गाउँपालिकाको केन्द्रमा निर्माणधीन १० शैयाको आधारभुत अस्पतालको निर्माण कार्य सम्पन्न गरी चिकित्सक सहितको अस्पताल सञ्चालनमा ल्याइनेछ। उक्त अस्पताललाई २० शैयाको अस्पताल बनाउन सम्भाव्यता अध्ययन गरिनेछ।

५९) “**तुर्माखाँदको समृद्धिका लागि स्वास्थ नागरिक”** भन्ने नाराका साथ स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित बनाउन प्रदेश र संघ को समन्वयमा आधारभुत स्वास्थ्य सेवा सुदृढीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। निःशुल्क उपलब्ध गराइने औषधिहरुको नियमित उपलब्धतालाई सहज हुने गरी व्यवस्थित गरिनेछ।

६०) “**सबै आमाको हकः सुरक्षित गर्भ, सुरक्षित गर्भपतन**” भन्ने नारा सहित महिलाको प्रजनन् स्वास्थ्य अवस्था सुधार गर्दै शिशु तथा मातृ मृत्युदरलाई न्यूनिकरण गरिनेछ। आङ्ग खस्ने लगायत अन्य रुग्णताको समयमै पहिचान गरी अन्तर पालिका साझेदारीमा विशेषज्ञ सेवा सहितको पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी थप उपचार र प्रेषणको व्यवस्था मिलाइनेछ।

६१) तुर्माखाँद गाउँपालिकाबाट जारी भएको “विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८०” मा उल्लिखित गम्भिर प्रकारका रोग (मुटुरोग,क्यान्सर, इस्पाइनल इन्जुरी, हेड इन्जुरी,कलेजो प्रत्यारोपण) का बिरामीलाई शल्यक्रिया ( मेजर अपरेसन ) गर्दा सङ्क्रमित व्यक्तिहरूको औषधोपचार सहायतालाई निरन्तरता दिइनेछ।

६२) गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाको क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र उपचारात्मक सेवालाई सहजरूपमा सर्वसुलभ र नियमित बनाइनेछ।

६३) “**बुढेसकालको सहारा अध्यक्षको नारा**” भन्ने हेतुले ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथा फरक क्षमता भएका नागरिकहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार सेवालाई निरन्तरता दिइनेछ साथै फाल्गुन महिनालाई नसर्ने रोगको महिनाका रुपमा ३० वर्ष माथिका सबै नागरिकको स्वास्थ्य परीक्षण समुदाय स्तरमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६४) “ तुर्माखाँदको समृद्धिका लागि स्वस्थ नागरिक” भन्ने नाराका साथ बालबालिका, गर्भवती र सुत्केरी महिलाहरुको पोषण अवस्था सुधारका लागि समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धनका कार्यक्रमहरू लागू गरी म स्वस्थ, मेरो समुदाय स्वस्थ र घरटोलमा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

६५)**"उपाध्यक्ष संग महिला प्रजनन् स्वास्थ्य यातायात"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६६)पालिका भित्र सञ्चालिच स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्दै लगिनेछ र सबै स्वास्थ्य संस्थालाई डिजिटालाईजेसन गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरिनेछ।

६७)घरमा हुने सुत्केरीलाई शून्यमा झार्ने नीति लिइनेछ । संस्थागत सुत्केरी बढाउन सबै गर्भवती महिलाहरूलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराई घर-भेट सुत्केरी जाँचलाई सुधार गरिदै लगिने छ। स्वास्थ्य संस्थामा हुने सुत्केरी महिलालाई प्रसुती पश्चात २४ घण्टा स्वास्थ्य संस्थामा बस्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

६८)महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवा प्रवाह क्षमतालाई अभिवृद्धि गरी स्वास्थ्य सुधारमा पु-याउनु भएको योगदानको कदर गर्दै उचित प्रोत्साहन सहित सम्मानको व्यवस्था गरिनेछ।

६९)निजी स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने सेवालाई प्रभावकारी वनाउन अनुगमन तथा नियमन संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

७०)प्रत्येक घरधुरीमा स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ। पिछडिएका,गरिब,असाहाय, सिमान्तकृत, लोपोन्मुख लगाएतका लक्षित वर्गलाइ निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

७१)स्थानीय स्तरमा उत्पादन हुने जडिबुटी उत्खनन्, सङ्कलन तथा प्रशोधनको लागि सम्भाव्यता अध्ययन गरी आयुर्वेद उपचार पद्धतिलाई व्यवस्थित गरिनेछ।

७२)"एक घण्टा आफ्नै लागि" भन्ने नाराका साथ समुदाय स्तरमा योग तथा स्वास्थ्य जीवनशैली कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिकलाई रसायन औषधि वितरण गरिनेछ।

७३)पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्दै स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री तथा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिनेछ।

७४)सुपोषण पालिका बनाउन कुपोषण बालकालिका तथा गर्भवती महिलाहरूको तथ्याङ्क सङ्कलन गरी उचित व्यवस्थापन गरिनेछ। सबै वडाहरूमा “पालिका पोषण कोसेली कार्यक्रम” लागू गरिनेछ।

७५)विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनको लागि प्रत्येक मा. वि. विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७६)महिनावारी तथा बर्थिङ सेन्टर व्यवस्थापनको लागि स्यानिटरी प्याड आवश्यक व्यवस्था गरिनेछ । विवाह न्यूनिकरणका लागि माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई सचेतनामूलक क्रियाकलाप सञ्चालन गरिने छ।

७७)सबै स्वास्थ्य संस्थाहरूमा बालबालिकाहरूको पोषण सुधारका लागि स्तनपान कक्ष र ज्येष्ठ नागरिक तथा पक्षघात भएका विरामिहरुको लागि फिजियोथेरापी मेसिनको व्यवस्था मिलाइनेछ।

७८)आमा सुरक्षा कार्यक्रमको उल्लेखनीय सुधार भएको आधार मातृ मृत्यु तथा नवजात शिशु मृत्यु दरलाई घटाउन २४ सै घन्टे सेवा निरन्तरताको लागि नर्सिङ कर्मचारीहरूलाई रात्रिकालीन सेवा हजार्ड भत्ता तथा अतिरिक्त सेवाको लागि स्वास्थ्य कर्मिहरुलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

७९)बर्थिङ सेन्टर सफाइमा कार्यरत स्विपर तथा नर्सिङ कर्मचारीहरूको सेवा सुविधामा थप गरिनेछ।

## २) आर्थिक सम्बन्धी नीति तथा कार्यक्रम:

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

८०) गाउँपालिका अन्तर्गत रहेका शाखा तथा वडा कार्यालयहरूबाट सेवाग्राहीहरुलाई सेवा प्रदान गर्दा करको दायरामा ल्याउन अनिवार्य व्यवसाय कर, मालपोत, बहाल, सम्पत्ति कर, अन्य कर तथा सेवा शुल्क बुझाएको कागजात संलग्न राखी सेवा प्रवाह गर्ने व्यवस्था गरिने छ।

८१) तुर्माखाँद गाउँपालिका कार्यालयमा दर्ता/ सूचिकृत नभएका गाउँपालिका भित्र सञ्चालित उद्योग, वाणिज्य फर्म र अन्य संघ संस्थालाई दर्ता गर्नका लागी आ.व.२०८३/०८४ को २ महिना भित्र दर्ता हुने व्यवसायीहरूलाई लाग्ने दर्ता दस्तुरमा २५% छुट गरिनेछ।

८२) तुर्माखाँद गाउँपालिकामा दर्ता भै सञ्चालित उद्योग व्यवसायीले कम्तिमा ३ जना व्यक्तिहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गरेमा गाउँपालिकामा लाग्ने बहाल कर र नवीकरण शुल्क छुट गरिनेछ।

८३) उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

८४) पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८५) कर्णाली नदीको जंगलघाट, तुल्ता, असारा क्षेत्रलाई आधुनिक जल पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ।

८६) तितौडा, शिवगुफा,बागेश्वरी र त्रिपन्नीधाम लोडे, कालसैनी डाडा,पाणागडा (तोल्ली), बागेश्वरी (नाडा), भनथान मालिकाडाँडा आमीकोटलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा, नौखम्म, जुम्लीपडा, कैलुपाइला (तोषी), रहफको मालिका र देवल, धमालीको देबल, टिकाथला, सितापाईला रहफ, छुट्टेकृष्ण रानीवन, गाईपाइला रानिवन, कैलुपाइला र हुँम गर्ने डाडाँ लकान्द्र लगायतका क्षेत्रलाई पुरातात्विक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्दै पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ।

८७) पालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वको मठ, मन्दिर, पोखरी, गुफा, शिला, देवल आदिको अभिलेख राखी संरक्षणको व्यबस्था गरिनेछ।

### ख. कृषि तथा पशुपक्षी सम्बन्धी नीति तथा कार्यक्रम

८८) "**आर्थिक समृद्धिको पहिलो आधार कृषि**" भन्ने मूल नाराका साथ राष्ट्रिय अर्थतन्त्रको विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड दिइनेछ। निर्वाहमुखी कृषि प्रणालीलाई रूपान्तरण गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण तथा कृषि उपजको भण्डारणका लागि समुचित प्रबन्ध मिलाइनेछ।

८९) "**एक घर एक करेसाबारी, बाह्रै महिना हरियो र पोषिलो तरकारी**" भन्ने नारा सहित एक वडा एक नमुना टोल छनौट गरी आवश्यक कार्यक्रम संन्चालन गरिनेछ।

९०) गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न माटो शिविर सञ्चालन गरि माटो अनूकूल उपयुक्त क्षेत्रमा उपयुक्त बाली लगाउन कृषकलाई सहजिकरण गरिनेछ।

९१) युवा लक्षित कृषि उद्यमशिलता वैदेशिक रोजगारीबाट फर्किएका र स्थानीय युवालाइ कृषि व्यवसायमा आकर्षित गर्न विषेश सहुलियत कार्यक्रम सन्चालन गरिनेछ।

९२)“**स्वस्थ माटो, स्वस्थ जीवन**” भन्ने नाराका साथ माटो परीक्षण नतिजाको आधारमा रैथाने बालीको प्रवर्द्धन गर्न स्थानीय स्तरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन प्रविधि प्रसारका लागि "**एक वडा एक कृषक/पोषण पाठशाला**" सञ्चालन गरिनेछ। टिमुर खेति विस्तारको लागि सम्भाव्यता अध्ययन सँगै पकेट क्षेत्रको निर्धारण गरिनेछ।

९३) गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधारमा किसान परिचयपत्र वितरण गर्ने व्यवस्था गरिनेछ।

९४)स्थानीय कृषि उपजको विक्रि वितरणका लागि कृषि हाटबजार, संकलन केन्द्र सञ्चालन गरी बजार मुल्य निर्धारण गरिनेछ ।

९५)कृषकको क्षमता अभिवृद्धि र उद्यमशीलताका लागि तालिम, कार्यक्रम तथा आवश्यकता अनुसारको कृषि प्राविधिक सेवाको व्यवस्था मिलाइनेछ।

९६) सुन्ताल तथा अन्य फलफुल बगैचामा देखिएका समस्याहरू पहिचान गरी समाधानको लागि फलफुल बगैंचा सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ।जलवायु परिवर्तनको बढ्दो असर सँगै कृषि बाली बस्तुमा बढेको रोगकिराको प्रकोपलाई कम गर्न स्थानीय स्तरमै जैविक विषादी तथा झोल मल बनाउने सम्बन्धी प्रयोगात्मक सीपको /तालिमको व्यवस्था गरिनेछ।

९७) तुर्माखाँद गाउँपालिकालाई दुग्ध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि स्थानीय पशुहरूमा नश्ल सुधार गरी कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिने छ।

९८) महामारीको रुपमा फैलिन सक्ने खोरेत, भ्यागुत्ते, PPR र रेबिज जस्ता भाइरल रोगहरूलाई नियन्त्रण गर्नका लागि आकस्मिक पशु उपचार कोष स्थापना उपचारको व्यवस्था गरिनेछ। कुकुरबाट मानिसमा सर्ने प्राणघातक जुनोटिक रोगको जोखिमलाई न्यूनिकरण गर्न सबै वडामा रेबिज खोप अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

९९)“ **गरौं व्यवसायिक पशुपन्क्षी र कृषि, यसैबाट सुरु हुन्छ तुर्माखाँदको समृद्धी**" भन्ने नाराका साथ कृषि विकास रणनिति अनुरूप प्रदेश तथा स्थानीय तहको सहकार्यमा पशुपन्क्षी आधुनिक खोर गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।कृष तथा पशुपन्क्षी बिमाका लागि नीति बनाइ कार्यान्वयन गरिनेछ।

१००)एक वड़ा एक उत्पादन कार्यक्रम लागू गरी औचित्यका आधारमा भैंसी, बाखा, बंगुर, कुखुरा तथा माछा पालन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।गाउँपालिका भित्र उन्नत नश्ल बाखा स्रोत केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

१०१)पशुपन्छीहरूको रोग पहिचान गरि प्रभावकारी उपचार/निदान गर्नका लागि नमुना सङ्कलन परीक्षण गर्न पशुपन्छी रोग अन्वेषण प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ।पालिकाका सबै वडामा विशेषज्ञ सेवा सहितको पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१०२) व्यवसायिक पशुपालन गर्दा उत्पादन लागत घटाई उत्पादन तथा उत्पादकत्व वढाउनका लागि उन्नत घासको नर्सरी स्थापना गरी पालिकालाई उन्नत घासेवालीमा आत्मनिर्भर बनाईनेछ।

१०३)"एक वडा, एक नमुना बाखा फार्म" कार्यक्रम संचालन गरिनेछ।

**ग. सहकारी, गरिबी निवारण, रोजगार तथा लघु उद्यम सम्बन्धी नीति**

१०४) गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरूलाई प्राथमिकीकरण गरी रोजगार, उद्यमशीलता र सीप बिकास तालिममा आवद्ध गरिने छ। युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रम सञ्चालन गरी आत्मा निर्भर बनाइनेछ।

१०५) वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्व-रोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायत प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

१०६) युवा उद्यमशीलता विकासका कार्यक्रमहरू मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत गर्न स्वरोजगार उन्मुख बनाइनेछ।

१०७) विपन्न, गरिब र सुकुम्बासी परिवारका युवाहरूलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटी पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरू प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१०८) देशमा विद्यमान बेरोजगारी कम गर्न पालिका भित्र रहेका बेरोजगार व्यक्तिहरूलाई रोजगारी प्रदान गर्नका लागि रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ। संघ र प्रदेशले ल्याएको रोजगारमूलक आयोजनामा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्रको बिस्तार गरिनेछ। आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१०९) श्रम सम्बन्धलाई प्राथमिकता दिदैं सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग वित्तिय क्षेत्रबाट रोजगारी सृजनामा जोड दिइनेछ । रोजगार सीप तथा उद्यमशीलता केन्द्र थप सुदृढीकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिने छ ।

११०) सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरूको हित संरक्षणको लागि आवश्यक अनुगमनलाई प्रभावकारी बनाइनेछ। गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित गरिनेछ।

१११) पालिकाको कार्यक्षेत्र भित्र दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई कोपोमिसमा आवद्ध गराइने छ।

११२) सहकारी टोल, वडा र पालिका घोषणा गर्नका लागि ९५ प्रतिशत घरधुरी वा जनसङ्ख्या सहकारी संस्थामा आबद्धता भएमा सहकारी क्षेत्र घोषणा गर्न पाउने व्यवस्था मिलाइनेछ।

११३) सम्पूर्ण घरधुरी सहकारीमा आबद्ध हुनका लागि पालिकामा स्थापित सहकारी संस्थलाई सक्रिय बनाउन दर्ता भई संचालनमा नरहेका सहकारी संस्थाहरुलाई आवश्यक मापदण्ड बनाई खारेजी वा पुनः संचालनको लागि आवश्यक नीति बनाई लागु गरिनेछ।

११४) गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२, लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सृजना, उद्यमीको स्तरोन्नतीका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

११५) सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिसप्रधा बृद्धि गर्नका लागी प्रविधि हस्तान्तण गरिनेछ।

११६) आ.व.२०८३/०८४ भित्र गाउँपालिकामा दर्ता भई संचालनमा आउने व्यवसायहरुलाई दिगो र नाफामुखि व्यवसाय संचालनका लागी उद्यमीलाई उद्यमशीलता विकास तालिम प्रदान गरिनेछ।

### ३) सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

११७) नागरिकहरूको सूचनाको हकको पूर्ण सम्मान गर्दै तुर्माखाँद गाउँपालिकालाई आधुनिक, प्रविधिमैत्री तथा पारदर्शी "डिजिटल पालिका" को रूपमा विकास गर्न विशेष पहल गरिनेछ। गाउँपालिका भित्र उपलब्ध सम्पूर्ण तथ्याङ्क, सूचना तथा अभिलेखलाई एकीकृत, अद्यावधिक र व्यवस्थित रूपमा व्यवस्थापन गर्ने उद्देश्यले तुर्माखाँद गाउँपालिकाको एकीकृत डिजिटल प्रोफाइल निर्माण गरी कार्यान्वयन गरिनेछ।

११८) सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, छिटो छरितो, पारदर्शी तथा नागरिकमैत्री बनाउन हाल प्रयोगमा रहेका सफ्टवेयर प्रणालीहरूको समयानुकूल अद्यावधिक तथा स्तरोन्नति गरिनेछ। सेवाको गुणस्तर अभिवृद्धि, अभिलेख व्यवस्थापन, सूचना प्रवाह तथा प्रशासनिक कार्यसम्पादनलाई थप व्यवस्थित बनाउन आवश्यकतानुसार नवीन तथा उपयुक्त सफ्टवेयर प्रणालीको विकास गरी प्रयोगको व्यवस्था मिलाइनेछ।

११९) सूचना प्रविधिको अधिकतम उपयोग गर्दै नागरिकका गुनासा, सुझाव, प्रतिक्रिया तथा मागहरूको सुनुवाइ र सम्बोधन प्रक्रियालाई सहज, प्रभावकारी तथा पहुँचयोग्य बनाउन डिजिटल माध्यममा आधारित विभिन्न प्रणालीहरूको क्रमशः विकास, विस्तार तथा प्रयोगलाई प्राथमिकता दिइनेछ। नागरिक सहभागिता, पारदर्शिता र जवाफदेहितालाई सुदृढ गर्न अनलाइन गुनासो व्यवस्थापन, सुझाव संकलन तथा सेवा प्रतिक्रिया प्रणालीको प्रयोगलाई चरणबद्ध रूपमा अनिवार्य बनाउँदै लगिनेछ।

१२०) गाउँपालिकामा सञ्चालित सूचना प्रविधि केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी तथा दीगो बनाउन आधुनिक अभिलेख तथा सूचना व्यवस्थापन केन्द्रका रूपमा विकास गरिनेछ। गाउँपालिकाका विभिन्न शाखा, निकायमा रहेका डिजिटल अभिलेख, तथ्याङ्क तथा सूचना प्रणालीलाई एकीकृत गर्दै स्थानीय डाटा सेन्टर बनाई एकै स्थानमा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। सूचना सुरक्षा, अभिलेख संरक्षण, डाटा व्यवस्थापन तथा सेवा प्रवाहमा सुधार ल्याई सूचना प्रणालीलाई थप भरपर्दो, सुरक्षित र प्रभावकारी बनाइनेछ।

१२१) सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोगलाई व्यापक बनाउन गाउँपालिकाका कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि समयानुकूल आईसीटी (ICT) सम्बन्धी तालिम, अभिमुखीकरण तथा सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२२) गाउँपालिका अन्तर्गत रहेका सबै सरकारी कार्यालय तथा सेवा केन्द्रहरूमा कार्यरत कर्मचारीहरूको हाजिरी विवरणलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रूपमा व्यवस्थापन गर्न इ–हाजिरी प्रणाली लागू गरिनेछ। प्रणालीमार्फत कर्मचारीहरूको दैनिक उपस्थितिको अभिलेख, अनुगमन तथा प्रतिवेदन व्यवस्थापन कार्य गाउँपालिकाबाटै केन्द्रीकृत गर्न सकिने व्यवस्था मिलाइनेछ।

### ४) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१२३) न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ।

१२४) न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको विषयगत ज्ञान, सिप र क्षमता विकासका कार्यक्रमहरू गरी कार्यान्वयन गरिनेछ।

१२५) सभाबाट हालसम्म निर्माण भएका स्थानीय कानूनहरूलाई अद्यावधिक गरी स्थानीय कानून सङ्ग्रहित स्थानीय कानून सङ्ग्रह प्रकाशन गर्ने व्यवस्थापन गरिनेछ।

१२६) न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई डिजिटल जस्टिस सिस्टममा आवद्ध गरिनेछ। घरेलु तथा लैङ्गिक हिंसा पीडित महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई तत्कालीन आवश्यक मानवीय तथा आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

## ५) सुशासन तथा क्षमता विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम

१२७) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी ढङ्गले संचालन गर्न बेरुजु फछ्यौंट कार्ययोजना तथा बेरुजु व्यवस्थापन सफ्टवेयर मार्फत कार्यान्वयन गरिनेछ।

१२८) गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरूको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरण समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

१२९) प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका कार्यालयको सूचनापाटी, डिजिटल बोर्ड तथा वेबसाइटमा प्रोएक्टिभ रुपमा प्रकाशित गरिनेछ।

१३०) जनप्रतिनिधि तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण तथा तनाव व्यवस्थापन कार्यक्रमलाई परिणाममुखी बनाइने छ।

१३१) गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका अन्तरगतका सम्पूर्ण कार्यालयहरूमा गुनासो तथा सुझाव पेटिका व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

१३२) गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरूमा सफ्टवेयर व्यवस्था गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइने छ।

१३३) संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय गृहहरूसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्यको नीति अवलम्बन गरिनेछ।

१३४) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सरकारी/गैरसरकारी संघसंस्थालाई कानून बमोजिम नियमन गरिनेछ।

१३५) स्थानीय खरिद नियमावलीका साथै सार्वजनिक सेवालाई सरल, सहज, पारदर्शी र जनमुखी बनाउन आवश्यक कानून निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।

१३६) गाउँ कार्यपालिकाको कार्यालयमा सोधपुछ कक्ष, दर्ता चलानी, गुनासो तथा सुझाव पेटिकालाई व्यवस्थित गरिनेछ। नागरिक बडापत्र कार्यान्वयन समिति र गुनासो सुनुवाइ समिति गठन गरी कार्य प्रभावकारी बनाइनेछ।

१३७) कानून बमोजिम उपभोक्ता समूह, टोल विकास संस्था र अन्य संघ संस्था तथा समितिलाई दर्ता गरी नियमन गरिनेछ।

१३८) गाउँपालिका स्थापना गाउँ सभा अधिवेशनको दिन स्थानीय सेवाका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रोत्साहन एवं दण्ड तथा पुरस्कारको नीति लिइनेछ।

१३९) स्थानीय कानून निर्माण संशोधन तथा पुनरावलोकन गर्न गठित विधायन समिति र कानून मस्यौदा तर्जुमा समितिको काम कर्तव्य र अधिकारलाई थप व्यवस्थित गर्न समितिका पदाधिकारी र कर्मचारीहरुलाई

आवश्यक ज्ञान सीप र क्षमता अभिवृद्धिको लागि कानूनी सचेतना सम्बन्धी तालिमको व्यवस्था गरी कानूनी राज्यको अवधारण अनुसार हाल सम्म उपलब्ध स्थानीय कानूनको जानकारी दिनुको साथै आवश्यक पर्ने अन्य कानूनहरुको निर्माण गरी सुशासनको प्रत्याभुति दिन आवश्यक व्यवस्था मिलाइनेछ।

१४०) गाउँपालिकाभित्रका काम कारवाहीलाइ पारदर्शी र जवाहदेही बनाउन सार्वजनिक सुनुवाइ र समिक्षा कार्यक्रमलाइ सघन रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१४१) महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनलाई तत्काल गाउँसभामा पेश गरी दफावार छलफलका लागि लेखा समितिमा पठाउने व्यवस्था गरिनेछ।

१४२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, लेखा समिति कार्यसञ्चालन कार्यविधि तथा बेरुजु फर्छ्यौट कार्यविधि कार्यान्वयनमा ल्याइनेछ।

१४३) लेखा समितिमार्फत बेरुजुका दफाहरुमा नियमित छलफल गरी प्रमाण तथा कागजातका आधारमा फर्छ्यौट प्रक्रिया अगाडि बढाइनेछ र बेरुजु फर्छ्यौट प्रतिवेदन गाउँसभामा पेश गरी अनुमोदन गरिनेछ। बेरुजु फर्छ्यौट प्रक्रियालाई सहजीकरण गर्न प्रविधिमैत्री अभ्यास, अभिलेखीकरण प्रणाली तथा सचेतनामूलक सामग्रीको उपयोग गरिनेछ।

१४४) वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक खरिद व्यवस्थापन तथा उत्तरदायित्व प्रणालीलाई थप प्रभावकारी बनाउँदै आगामी वर्षहरुमा बेरुजु न्यून हुने आधार तयार गरिनेछ।

१४५) नेपाल सरकारले तीन तहकै सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण मापदण्ड जारी गरिसकेको छ। मापदण्ड बमोजिम सबै स्थानीय सरकारहरुले सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण सम्पन्न गर्ने र सभाबाट स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ताको लागि सिफारिस गर्ने व्यवस्था आगामी हिउँदे अधिवेशन अगावै सम्पन्न गर्नुपर्नेछ।

### ६) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

१४६) विश्व जलवायु परिवर्तनमा देखिएका समस्यालाई मध्यनजर गरी त्यसको न्यूनिकरण गर्न आवश्यक कार्यक्रमको ब्यवस्था मिलाईने छ। खाली जग्गामा वृक्षारोपण हरियाली प्रबर्द्धन तथा वातावरण संरक्षण गरी जल जमिनको समुचित प्रयोग गरी जनताको जिविकोपार्जनमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ।

१४७) गाउँपालिकामा जलवायु परिवर्तन स्थानीय अनुकुलन (LACC) परियोजनासँग साझेदारी गरि वातावरण संरक्षण, बायो इन्जिनियरिङ्ग, तट्बन्धन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१४८) विपद् जोखिम युक्त वस्तीको पहिचान गरि वस्ती स्थानान्तरण गर्ने व्यवस्था मिलाइने छ।

१४९) गाउँपालिकामा बनेको विपद् व्यवस्थापन कार्यविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१५०) गाउँपालिकाको विपद् जोखिमयुक्त क्षेत्र रेखाङ्कन गरि सोही आधारमा विशिष्ट प्रकृतिका विपद जोखिम प्रतिकार्य पुनःउत्थानका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

१५१) संवेदनशिल जलाधार क्षेत्रका जमिनहरूलाई अतिक्रमण रोक्न तथा नियन्त्रण गर्नको लागि व्यवस्थित रुपमा कार्यक्रम बनाई सञ्चालन गरिनेछ।

१५२) फोहोरमैला व्यवस्थापन ऐनलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि बनाई फोहोरमैला व्यवस्थापनलाई कार्यान्वयनमा ल्याइनेछ।

१५३) वायु प्रदुषण मापन गर्न AQI (Air Quilt Index) मेसिन जडान गरी वायु प्रदुषण नियन्त्रणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१५४) पूर्व सूचना प्रणालीलाई प्रभावकारी तुल्याउने प्रभावित स्थानको पहिचान गरी (IVR) प्रणाली लागू गरिनेछ।

**७) खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम**

१५५) नेपालको संवैधानिक व्यवस्था बमोजिम सबै नागरिकलाई खानेपानी उपलब्ध गराउन तथा दिगोविकास लक्ष्य प्राप्ती र सबै नागरिकको पहुँचमा स्वच्छ खानेपानी सुनिश्चितताका लागि एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ।

१५६) खानेपानी तथा सरसफाई ऐन २०७९ ले व्यवस्था गरे बमोजिमका सबै कार्यक्रमहरुलाई निरन्तर्ता दिई पूर्णरुपमा कार्यान्वयमा ल्याउने ब्यबस्था मिलाईने छ।

१५७) खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्था तथा समितिहरुलाई गाउँपालिकामा दर्ता गरी नियमित रुपमा बार्षिक नविकरण गर्ने ब्यबस्थालाई निरन्तरता दिइनेछ।

१५८) गाउँपालिका भित्र रहेका स्थानीय बजार तथा समूदाय स्तरको फोहोरमैला व्यवस्थापनको लागि आवश्यक ऐन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१५९) नेपाल सरकारले तयार गरेको पुर्ण सरसफाई निर्देशिका मापदण्ड अनुसार योजना टोल बिद्यालयहरु पुर्ण सरसफाई तथा तिन तारा विद्यालय कार्यक्रम लाई निरन्तर्ता दिईनेछ।

१६०) पालिकामा निर्माण सम्पन्न खानेपानी योजनाहरुलाई दिगो व्यवस्थापनको लागि खेर गएको पानीलाई सदुपयोग गर्न संघसंस्था सँग परामर्श गरी सदुपयोगको व्यवस्था मिलाइनेछ।

**८) भौतिक पूर्वाधार विकास, शहरी योजना, वस्ती विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम**

**क) भौतिक पूर्वाधार विकास र शहरी योजना सम्बन्धी नीति**

१६१) गाउँपालिकाबाट सञ्चालन गरिने रु. १० लाख वा सो भन्दा माथि लागत अनुमान भएका योजना तथा कार्यक्रमहरूको खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम अनिवार्य रूपमा विद्युतीय बोलपत्र (E-Bidding) प्रणालीमार्फत प्रतिस्पर्धात्मक प्रक्रियाबाट गरिनेछ । रु. १० लाखभन्दा कम लागतका योजना तथा कार्यक्रमहरूको खरिद कार्य भने कार्यको प्रकृति, लागत तथा जटिलता अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम उपयुक्त खरिद विधि अवलम्बन गरी पारदर्शी, प्रतिस्प्रधात्मक तथा मितव्ययी रूपमा सम्पन्न गरिनेछ।

१६२) गाउँपालिकाको प्राविधिक शाखामा कार्यरत प्राविधिक तथा अन्य कर्मचारीहरूको ज्ञान, सीप, दक्षता र कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास सम्बन्धि तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१६३) उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाका पदाधिकारीलाई सम्बन्धित वडाको पाईक पर्ने स्थानमा अभिमुखीकरण कार्यक्रम र योजना सम्झौता कार्यक्रम घुम्ती सेवा सञ्चालनको रुपमा व्यवस्था गरिनेछ।

१६४) गाउँपालिकाको समग्र भौतिक विकासलाई व्यवस्थित, दिगो तथा योजनाबद्ध बनाउन दीर्घकालीन पूर्वाधार गुरुयोजना (Master Plan) तयार गरी सोही आधारमा आयोजना छनोट तथा कार्यान्वयन गरिनेछ।

१६५) गाउँपालिकाको पहिचान स्थापित हुने गरी प्रत्येक वर्ष कम्तीमा एक नमुना तथा गौरवको पूर्वाधार आयोजना निर्माण गरिनेछ।

१६६) योजनाहरूको छनोट गर्दा जनसंख्या, लाभग्राही संख्या ,लागत–प्रतिफल,समावेशिता तथा आवश्यकता लगायतका सूचकका आधारमा प्राथमिकता निर्धारण गरिनेछ।

१६७) गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरि यसै वर्ष सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ।

१६८) वडा नं. ५ को वडा कार्यालयको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरि यसै बर्ष सञ्चालनमा ल्याइने छ साथै वडा नं. ३ को वडा कार्यालयको प्रशासकीय भवन निर्माण कार्यको थालनी गरिनेछ।

१६९) वडा नं. ३ र ५ को स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न गरि यसै बर्ष सञ्चालनमा ल्याइने छ।

१७०) आयोजना कार्यान्वयन पूर्व आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR), लागत अनुमान, डिजाइन तथा वातावरणीय अध्ययन तयार गरी मात्र बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१७१) गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरूमा पार्किङ स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक बिरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१७२) भौतिक पूर्वाधार शाखा अन्तरगत निर्माण भएका संरचनाहरूको गुणस्तर परीक्षण गरिने व्यवस्था मिलाइने छ। ठूला तथा महत्वका आयोजनाहरूमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक निगरानीलाई प्रभावकारी बनाइनेछ।

### ख) सडक तथा यातायात

१७३) गाउँपालिकाको केन्द्र देखि भुलु रहफ जोड्ने सडक निर्माणको योजनालाई निरन्तरता दिइने छ। सबै वडा कार्यालयमा पुग्ने सडकलाई स्तरोन्नति गरी बाह्रै महिना सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको केन्द्रमा यातायात पार्किङ स्थलको निमार्णका लागि पहल गरिनेछ।

१७४) गाउँपालिका भित्रका सडकहरूको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्र भित्र अनधिकृत रुपमा संरचना निमार्णको कार्यमा रोक लगाइनेछ।

१७५) सडक निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाई वातावरण मैत्री बनाइनेछ।

१७६) पालिका भित्र रहेका तल्लो डुङ्गेश्वर, लामादुवाला र कुनिगडामा पक्कि पुल निर्माणका लागि आवश्यक पहल गर्नुका साथै अन्य झोलुङ्गे पुलहरुको लगत अद्यावधिक गरि सोको रेखदेख तथा मर्मत सम्भार र आवश्यक स्थानमा नयाँ झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

### ग ) *भवन संहिता र घर नक्सा पास सम्बन्धी नीति*

१७७) भवन अभिलेखीकरण कार्यविधि तयार गरी गाउँपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घरको अभिलेखीकरण गरिनेछ। मापदण्ड अनुसार नयाँ बन्ने घर लगायतका संरचनाको नक्सा पास र दर्ता गरी अभिलेखीकरण गर्ने नीति लिइनेछ।

१७८) नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाइका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१७९) पूर्वाधार निर्माणका आयोजनाहरू संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारका रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैङ्क" तयार गरिने छ। सो बैङ्कमा समाविष्ट आयोजनाहरूमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

१८०) पूर्वाधार निर्माण गर्दा महिला, ज्येष्ठनागरिक,वालबालिका,असक्त अपाङ्गमैत्री साथै वातावरणमैत्री हुने गरी निर्माण गरिनेछ।

१८१) भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ।

१८२) एकिकृत शहरी तथा वस्ती विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि सङ्घीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।।

१८३) बहु विपद जोखिम नक्साङ्कन र राष्ट्रिय भवन संहिता अनुरुप घर नक्सा पासका लागि योजना तथा भवन मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१८४) विपद तथा अन्य कार्यबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गराइनेछ

१८५) गाउँ पालिका भित्रका सम्पूर्ण घरधुरीको संख्या गणना गरी घर नम्बर कायम गरिनेछ।

१८६) सबै विद्यालयहरुलाई क्रमशः टिनको छाना मुक्त गरि पक्की भवन निर्माण गर्ने लक्ष्य लिइनेछ।

### घ) *सहरी विकास, आवास तथा भूमी व्यवस्थापन*

१८७) ''हाम्रो अमिन-ब्यबस्थित जमिन'' भन्ने मुल नाराका साथ अत्याधिक जनसङ्ख्या वृद्धि संगै कृषियोग्य जमिनमा हुने खण्डिकरणलाई नियन्त्रण गर्न आवासिय क्षेत्रमा मात्र बस्ति बिस्तार गरिने छ।

### ९) विद्युतीकरण तथा दूर सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम

१८८) "**जनतासँग अध्यक्षको साथ, उज्यालो तुर्माखाँद**" आ.व.२०८३/०८४ मा सबै नागरिकका घर-घरमा विद्युत् जडान गर्ने कार्यलाई पूर्णता दिइने छ। पालिकामा नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्र स्थापनाका लागि पहल गरी विद्युत् सेवालाई पहुँच योग्य बनाइनेछ।

१८९) नेपाल टेलिकमसँगको सहकार्यमा सबै ठाउँमा भरपर्दो र पूर्ण क्षमताको सञ्चार सेवाको आवश्यक ठाउँमा नेपाल टेलिकमको रिपिटर टावर स्थापनाका लागि पहल गरिनेछ।

१९०) केन्द्रिय विद्युत प्रसारण लाइन अवरोध भएको अवस्था र सेवा ग्राहीको सेवा नरोकिने गरी वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा वैकल्पिक विद्युत् स्रोतको व्यवस्था गरिनेछ।

### १०) जलस्रोत तथा सिचाईं, जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी नीति

१९१) खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न जलवायु-स्मार्ट कृषि तथा कृषि-वन प्रणाली, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापन र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। जलवायु उत्थानशील कृषि तथा कृषि वन सम्बन्धी क्रियाकलापहरू, जलवायु उत्थानशील सिँचाइ योजनाहरू, सुधारिएको चुलो तथा सुधारिएको घट्ट सम्बन्धी योजनाहरु लगायत वन समूहहरू तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गरिनेछ।

१९२) समुदायहरूको समान सहभागिता सहित खोला- खोल्सी, पोखरी, मुहान, कुवा, नाउला लगायत पानीका स्रोतहरूको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन सम्बन्धी बिभिन्न गतिविधिहरू सञ्चालन गरिनेछ। जलवायु उत्थानशील खानेपानी तथा सरसफाइ र बहुपयोगी क्षेत्रका योजनाहरु कार्यान्वयन गरिनेछ ।

१९३) सुदृढ क्षमता र सक्षम अवस्थाको लागि सम्बन्धित पक्षहरू ( निजी क्षेत्र, सहकारी ,सामुदायिक संस्था तथा कृर्षि समूहहरू, सामुदायिक बन समूहहरू, नागरिक समाज , कबुलियती तथा निजी बन समूहहरु, खानेपानी तथा सिँचाइ उपभोक्ता समितिहरू) सँग कुशल ज्ञान साझेदारी तथा क्षमता विकास गरी समावेशी सुशासन कायम गर्दै लगिनेछ।

**११) राजश्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

१९४) आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

१९५) राजस्व सङ्कलन कार्यलाई मितव्ययी, नियमित प्रभावकारी, तथा पारदर्शी बनाउनको लागि राजश्व व्यवस्थापनसँग सम्बन्धी सूत्र ( SUTRA) प्रणालीको प्रयोगलाई निरन्तरता दिइनेछ।

१९६) राजश्वलाई नियमित, प्रभावकारी, अभिवृद्धि तथा चुहावट मुक्त बनाउनको लागि राजश्व सुधार कार्ययोजना तयार गरि लागू गरिनेछ।

१९७) राजश्व क्षमता अभिवृद्धिको लागि उद्योग वाणिज्य सङ्घ, होटेल व्यवसाय सङ्घ, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवाला सँग नियमित समन्वय र अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ। राजस्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई तालिमको व्यवस्था गरिनेछ।

१९८) आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

१९९) गाउँपालिका वा वडामा करको दररेट सम्बन्धी नागरिक बडापत्रको व्यवस्था गरी राजश्व सङ्कलनको विवरण अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ।

२००) ढुङ्गा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा सङ्घीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ। जडिबुट्टि, प्राकृतिक स्रोत तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन/ सङ्कलन एवं राजश्व सङ्कलनको तथ्याङ्क तयार गरि कार्यान्वयन गरिनेछ।

**१२) सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति**

२०१) पालिकामा हालसम्म बालबालिका बाहेक अन्य सबै लाभग्राहीको नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य भएको हुँदा हाल सम्म २२७८ मध्ये ८६० लाभग्राहीको परिचयपत्र नभएकाले उक्त परिचयपत्र बनाउनको लागी आवश्यक सामाग्री खरिद तथा विभाग सँग समन्वय गरी दर्ता स्टेसनको व्यवस्था मिलाइने छ ।

२०२) सम्पूर्ण लाभग्राहीको VERSP- MIS प्राणालीमा फोटो सहितको अभिलेख राख्दा व्यक्तिको पहिचान गर्न सहज हुनुको साथै लाभग्राही अद्यावधि गर्न समेत सहज हुने भएको हुँदा वडा नं. १-८ सम्म क्यामराको व्यवस्था गरी फोटो सहितको अद्यावधि लाई सहज ल्याइने छ ।

२०३) सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउनको लागी VERSP-MIS र NID-MIS विच अन्तर आवद्धता कायम गरी श्रावण १ गते देखि भदौ मसान्तसम्म हुने नवीकरण कार्यमा अनिवार्य Biometric Verification प्रणालीबाट तथ्याङ्क अद्यावधिक गर्ने नीति लिइनेछ ।

२०४) सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउन लागि IRIS Device विच अवद्वता भएको तथा बायोमेट्रिक डिभाइसको माध्यमबाट लाभग्राहीहरूको दर्ता पहिचान तथा नवीकरण गरी सहजता कायम गर्नका लागि आवश्यक पर्ने IRIS Device सञ्चालन, सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि २०८२ तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा नयाँ दर्ता को लागी बायोमेट्रिक स्क्यानर डिभाइस लागू गर्ने निर्णय गरे अनुसार ८ वटा अपुग बायोमेट्रिक स्क्यानर डिभाइस खरिद गरि सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

२०५) आगामी आर्थिक वर्षमा वितरण हुने सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा लाभग्राहीहरु सम्म उपलब्ध गराउन यस पालिकाको भौगोलिक विकटलाई मध्यनजर गर्दै वडा नं.१ र २ को कार्यालय बाट नै भत्ता वितरणको कार्यलाई निरन्तरता दिइनेछ।

*"अन्त्यमा यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमामा राय, सुझाव र सल्लाह दिनुहुने संघ तथा प्रदेशका माननीयज्यूहरु, विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरु राष्ट्र सेवक कर्मचारीहरु, गैसस, निजि क्षेत्र, शिक्षक, बुद्धिजिवि, नागरिक समाज, सरोकारवाला तथा देश विदेशमा रहनुभएका समस्त तुर्माखाँद गाउँपालिकाबासी सम्पूर्ण दाजु भाइ तथा दिदि बहिनी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा आम तुर्माखाँद बासी दाजुभाइ तथा दिदि बहिनिहरुको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण विस्वास लिएको छु ।"*

***धन्यवाद !!!***